## महाकुलुङ गाउपालिका

## स्थानीय राजपत्र

**महाकुलुङ गाउपालिकाद्धारा प्रकाशित**

**खण्ड ४ संख्या ४ चैत्र १८ गते २०७८ साल**

**भाग २**

## महाकुलुङ गाउपालिका,वुङको सूचना

कार्यपालिकावाट स्वीकृत मिति २०७८।१२।८

# माहाकुलुङ गाउपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८

**प्रस्तावना:**

स्थानीय विकास प्रक्रियामा टोल तथा बस्ती स्तरवाट नै नागरिक सहभागिता सुनिश्चित गर्दै समाजको आर्थिक,सामाजिक,साँस्कृतिक लगायत विकासका सबै पक्षमा दिगोपना र अपनत्व सृजना गर्न निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरुको सहभागितामा माहाकुलुङ गाउपालिकाको सहयोगीको रुपमा काम गर्ने गरी टोल विकास संस्थाको गठन र परिचालनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

"प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम माहाकुलुङ गाउपालिकाको कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि,२०७८" रहेको छ।

(२) यो कार्यविधि माहाकुलुङ गाउपालिकाको राजपत्रमा प्रकासित भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यालय" भन्नाले माहाकुलुङ गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(ख) "टोल विकास संस्था" भन्नाले टोल बस्तीको समग्र विकासको लागि निश्चित भौगोलिक क्षेत्रका अधिकांश घर धुरीका प्रतिनिधिहरुको उपसस्थितिमा विकास निर्माण, सेवा प्रवाह र समाजिक परिचालनको क्षेत्रमा काम गर्ने उद्देश्यले गठन भई माहाकुलुङ गाउपालिकामा सूचीकृत भएको सामुदायिक संस्थालाई सम्झनु पर्छ ।

(ग) "पदाधिकारी" भन्नाले संस्थाको कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरु समेतलाई सम्झनु पर्छ ।

(घ) "बैठक" भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्छ ।

(ङ) "वडा" भन्नाले गाउँपालिकाको वडा कार्यालय लाई सम्झनु पर्छ।

(च) "विधान" भन्नाले संस्थाको विधानलाई सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले संस्थाको कार्यसमिति सम्झनु पर्छ ।

(ज) "साधारणसभा" भन्नाले संस्थाको साधारण सदस्यहरुको भेला सम्झनु पर्छ।

(झ) "संस्था" भन्नाले टोल विकास संस्थालाई सम्झनु पर्छ ।

## परिच्छेद- २

## संस्थाको गठन तथा सूचीकृत सम्बन्धी व्यवस्था

३. संस्थाको गठन : (१) माहाकुलुङ गाउपालिका क्षेत्रमा भौगोलिक तथा सामाजिक सामिप्यताको आधारमा टोल तथा बुस्तीका वासिन्दाको आमभेलाबाट टोल तथा बस्ती भित्रका घरधुरी समावेश हुने गरी टोल विकास संस्थाको गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने संस्थाको कार्यसमितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरु रहनेछन:-

(क) अध्यक्ष एक जना

(ख) उपाध्यक्ष एक जना

(ग) कोषाध्यक्ष एक जना

(घ) सचिव एक जना

(ङ) सदस्यहरु (तीन देखि सात जना सम्म)

(३) उपदफा (२) बमोजिम संस्था गठन गर्दा टोल तथा बस्ती भित्रका एक घरधुरीबाट एकजना भन्दा बढी नपर्ने गरी भौगोलिक सन्तुलन तथा सामाजिक समावेशीकरणको

आधारमा सभा वा वडा कार्यालयले तोकेको चारकिल्ला भित्रका नागरिकहरुको आमभेलाबाट सर्वसम्मत रुपमा संस्थाको कार्य समिति गठन हुनेछ ।

तर, यस दफा बमोजिम आमभेलामा सर्वसम्मत हुन नसकेमा उपस्थित सदस्यहरुको बहुमतबाट कार्य समिति गठन गर्न बाधा पर्ने छैन।

(४) उपदफा (३) बमोजिम कार्यसमितिको कार्यकाल समाप्त भएपछि साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट कार्यसमितिको पुनर्गठन हुनेछ ।

(५) कार्य समितिको कार्यावधि गठन भएको मितिले दुई वर्षको हुनेछ ।

(६) अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिवको पदमा लगातार दुई कार्यकाल भन्दा बढी सोही पदमा काम गर्न सक्ने छैन ।

(७) कार्य समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै एक पदमा अनिवार्य रुपमा महिला हुनुपर्नेछ ।

(८) संस्था गठन गर्दा सकेसम्म टोलका सम्पुर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेट्नु पर्नेछ ।

(९) उपदफा ८ बमोजिम सवै घरधुरी समावेश हुन सम्भव नभएमा कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गर्नुपर्ने छ।

(१०) यस कार्यविधि बमोजिम गठन गरिने संस्थाको कार्यसमितिमा कम्तीमा ५० प्रतिशत महिला सदस्य हुनु पर्नेछ ।

(११) संस्थाको कार्यक्षेत्र साधारण सभाले तोकेको चारकिल्ला भित्र हुनेछ। साधारण सभाले टोल तथा बस्ती भित्रका कुनै घरधुरी संस्थामा समावेश गरेको नपाइएमा वा कुनै घरधुरी वा बस्ती उक्त संस्थामा समावेश गर्नु पर्ने भन्ने लागेमा कार्यालयले त्यसरी छुटेको घरधुरी वा बस्ती सम्बन्धित संस्थामा समावेश गर्न लगाउनेछ।

(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालयले तोकेको भौगोलिक क्षेत्र भित्र रहेका बढीमा १०० घरधुरी समेट्ने गरी टोल विकास संस्था गठन गर्न सकिने छ। एउटा घरधुरी एक भन्दा बढी टोल विकास संस्थाको सदस्य बन्न पाउने छैन।

४. **कार्य समितिका पदाधिकारीको पद रिक्त सम्बन्धी व्यवस्थाः** (१) दफा ३ बमोजिम गठन भएको कार्य समितिका पदाधिकारीहरुको पद देहाय बमोजिमको अवस्थामा रिक्त हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

(क) अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमितिको बैठकमा र उपाध्यक्ष सहित अन्य सदस्यले अध्यक्षलाई राजीनामा दिएमा।

(ख) भ्रष्टाचार वा अन्य कुनै फौजदारी अभियोगमा कसुरदार ठहरिएमा।

(ग) मृत्यु भएमा।

(२) उपदफा (१) बमोजिम अध्यक्षको पद रिक्त भएमा कार्य समितिको बाँकी अवधिको लागि उपाध्यक्षले अध्यक्ष भई कामकाज गर्नेछ। अन्य पदाधिकारीहरुको हकमा कार्य समितिले बाँकी अवधिको लागि समितिका सदस्यहरु मध्येबाट कुनै सदस्यलाई त्यस्तो रिक्त पदमा कामकाज गर्न लगाउन सक्नेछ।

५. संस्था सूचीकृत : संस्थाको सूचीकृत देहाय बमोजिम हुनेछ :-

(क) संस्थाको आमभेलाले निर्णय गरी अनुसूची १ बमोजिमको ढाँचामा सोही निवेदनमा उल्लिखित कागजातहरु समावेश गरी संस्था सूचीकरणका लागि कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(ख) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले संस्थाको चारकिल्ला भित्रका सबै घरधुरी समावेश गरे नगरेको समेत हेरी अनुसूची २ बमोजिमको ढाँचामा संस्था सूचीकृत गरेको प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ ।

(ग) दफा (क) बमोजिम प्राप्त निवेदन बमोजिम सूचीकृतको लागि प्राप्त भएको टोल विकास संस्थामा समावेश हुनुपर्ने घरधुरी वा बस्ती छुटेको पाइएमा त्यसरी छुटेको घरधुरी वा बस्ती समेत समावेश गरी सूचीकरणको लागि पुन पेश गर्न निर्देशन दिन सक्नेछ।

## परिच्छेद-३

६ संस्थाको काम कर्तव्य,अधिकारहरु र टोल विकास संस्थाका कार्यहरु : (१) टोल विकास संस्थका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) समुदायमा शान्ति, सुरक्षा र अमनचयन कायम गर्न सहयोग गर्ने

(ख) सामुदायिक सदभाव, सहिष्णुता र भाइचाराको विकास गर्ने ।

(ग) टोलमा संचालन हुने विकास निर्माणका योजनाहरुको तर्जुमा, संचालन कार्यान्वयन र सुपरिवेक्षण तथा अनुगमनमा सहयोग गर्ने ।

(घ) टोलमा हुने परम्परागत जात्रा, मेला, पर्व तथा समारोहको व्यवस्थापनमा सहयोग गर्ने।

(ङ) टोलमा रहेका सार्वजनिक तथा ऐलानी जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारहरुको संरक्षण गर्न तथा अतिक्रमण हुन नदिन सहयोग गर्ने।

(च) टोलमा विपद् व्यवस्थापन सम्वन्धी खोज,उद्धार, राहत वितरण, पुनर्निर्माण तथा पुनर्स्थापना कार्यमा सहयोग गर्ने ।

(छ) टोलको सरसफाई व्यवस्थापनको लागि सहयोग र समन्वय गर्ने/ गराउने

(ज) छाडा पशु चौपाया व्यवस्थापनमा सहयोग गर्ने/गराउने ।

(झ) सडक बत्ती, सामुदायिक पार्क, सार्वजनिक शौचालय जस्ता सार्वजनिक सम्पत्तिको सञ्चालन र व्यवस्थापनमा सहयोग पुर्‍याउने ।

(ञ) कानून बमोजिम तिर्नु पर्ने कर, दस्तुर, सेवाशुल्क बुझाउने कार्यमा सहजीकरण गर्ने ।

(ट) टोलमा बसोबास गर्ने गरिव, अशक्त, अपाङ्गता भएका व्यक्ति तथा बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन कार्यमा सहयोग गर्ने ।

(ठ) टोलमा रहेका शैक्षिक तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन र गुणस्तर सुधारको लागि सहयोग गर्ने ।

(ड) जन्म, बिबाह, बसाई सराई, सम्वन्ध विच्छेद, मृत्यु जस्ता व्यक्तिगत घटना दर्ताको लागि टोलबासीलाई उत्साहित र सहजीकरण गर्ने ।

(ढ) सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा आवश्यक सहजीकरण गर्ने ।

(ण) विद्युत् चुहावट तथा चोरी नियन्त्रण कार्यमा सहयोग गर्ने ।

(त) टोलमा खाद्यान्न, माछामासु, तरकारी, फलफूल, पेय पदार्थ लगायत दैनिक उपभोग्य सामग्रीको गुणस्तर र मुल्य सुचीको बारेमा जानकारी राखी बजार अनुगमन कार्यमा सहयोग गर्ने।

(थ) उपभोक्ता हक हित संरक्षणको लागि पैरवी तथा जनचेतना अभिबृद्धि गर्ने।

(द) टोलमा हरियाली क्षेत्र विस्तार गरी वातावरण संरक्षणको कार्यमा सहयोग गर्ने

(ध) स्थानीय आर्थिक विकासका संभावनाका बारेमा छलफल गरी स्थानीय तह, गैर सरकारी तथा निजी क्षेत्रसँग समन्वय, सहजीकरण र पैरवी गर्ने ।

(न) भवन निर्माण मापदण्ड तथा राष्ट्रिय भवन संहिताको पालनाको लागि टोल बासीहरुलाई प्रोत्साहित गर्ने ।

(न) विद्यालय भर्ना, खोप अभियान, साक्षरता अभियान, सरसफाई, लैङ्गिक हिंसा उन्मुलन जस्ता राष्ट्रिय अभियानहरुमा सहयोग र समन्वय गर्ने।

(प) टोलमा धनी,गरिबको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र श्रोतमा परिचालनमा समान अधिकार स्थापित गर्न सहजीकरण गर्ने ।

(फ) घरेलु हिंसा, यौनजन्य हिंसा,मानव तस्करी, बालश्रम तथा बाध्यात्मक श्रम, छाउपडी लगायतका सामाजिक अपराध तथा खरावीहरु अन्त्य गर्न जनचेतना अभिवृद्धि गर्ने ।

(ब) टोलमा उद्यम विकाससँग सम्बन्धित कार्यक्रमहरु संचालन गर्न आवश्यक सहजीकरण गर्ने ।

(भ) टोलको विकासका लागि विभिन्न श्रोतबाट प्राप्त श्रोतको उच्चतम् सदुपयोग गर्ने ।

(म) टोलमा सरकारी निकाय तथा गैर सरकारी संस्था मार्फत सञ्चालन हुने कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग गर्ने ।

(य) आफ्नो टोललाई वातावरणमैत्री, बाल मैत्री, पोषण मैत्री तथा पूर्ण सरसफाइयुक्त बनाउन कार्यक्रमहरु संचालन गर्ने तथा वडा कार्यालय र गाउँपालिकाका कार्यक्रम कार्यान्वयनमा सहयोग, समन्वय र सहजीकरण गर्ने।

(र) वडा कार्यालय,गाउँपालिका तथा अन्य सरकारी निकाय र गैरसरकारी संघसंस्थासँग गरेको सम्झौता तथा समझदारी अनुसारका अन्य कार्यहरु गर्ने।

## परिच्छेद-४

### संस्थाको कार्य समितिको बैठक र पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

७ संस्थाको कार्य समितिको बैठक : (१) संस्थाको कार्य समितिको बैठकको सञ्चालन देहाय बमोजिम हुनेछ :-

(क) कार्य समितिको बैठक महिनामा कम्तिमा एक पटक र आवश्कता अनुसार बस्नेछ ।

(ख) समितिको बैठकमा वडा समिति तथा गाउँपालिकाका जनप्रतिनिधि, विज्ञ तथा अन्य सरोकारवालहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिको वैठक निर्णयको मस्यौदा सचिवले तयार गर्नेछ ।

(घ) संस्थाको बैठकको निर्णयहरु बैठकमा उपस्थित पदाधिकारीहरुबाट हस्ताक्षर गरी प्रमाणित गराउनु पर्नेछ।

(२) उदफा (१) बमोजिम बस्ने कार्यसमितिको बैठकको माइन्युट र संस्थाका प्रशासनिक तथा आर्थिक कारोबारसँग सम्बन्धित सम्पूर्ण कागजातहरु अध्यक्ष, सचिव र कोषाध्यक्षको जिम्मामा रहनेछन्।

(३) कार्य समितिको बैठक संस्थाको कार्यालयमा बस्नेछ। संस्थाको कार्यालय स्थापना भई नसकेको अवस्थामा कार्यसमितिका सबै सदस्यलाई पायक पर्ने गरी उपयुक्त स्थानमा बैठक बस्ने गरी अध्यक्षले तोक्न सक्नेछ।

८ संस्थाका कार्य समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार:- संस्थाका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(१) <u>अध्यक्षको काम, कर्तव्य र अधिकार</u>

(क) संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

(ख) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

(ग) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

(घ) छलफल हुँदा सवैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

(ङ) संस्थाका निर्णयहरु लागू गर्ने, गराउने ।

(च) संस्थाले प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रवन्ध मिलाउने।

(छ) आवश्यकता अनुसार विशेष बैठक बोलाउने ।

(ज) कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

(२) <u>उपाध्यक्षको काम कर्तव्य र अधिकार:</u>

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने भनी तोकिएका कार्यहरु गर्ने ।

(ख) कार्य समितिले तोकेका अन्य कार्यहरु गर्ने।

(३) <u>सचिवको काम, कर्तव्य र अधिकार:</u>

(क) अध्यक्षको आदेशअनुसार बैठक बोलाउने ।

(ख) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।

(ग) संस्थाको क्रियाकलापको बारेमा सदस्यहरुलाई जानकारी गराउने।

(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(४) <u>कोषाध्यक्षको काम, कर्तव्य र अधिकार</u>

(क) संस्थाको आम्दानी र खर्चको हिसाब राख्ने तथा विवरण तयार गर्ने।

(ख) बैंकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने।

(ग) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने।

(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(५) <u>सदस्यहरुको काम,कर्तव्य र अधिकार</u>

(क) समितिको बैठकमा उपस्थित हुने र छलफलमा सक्रीय रुपमा सहभागी हुने।

(ख) समितिको निर्णय कार्यान्वयनमा सहयोग गर्ने। समितिको निर्णय कार्यान्वयन भए नभएको हेरी आवश्यकताअनुसार समितिको बैठकमा छलफलमा ल्याउने।

(ग) आवश्कता अनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको काममा सघाउने ।

(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-५
## आर्थिक व्यवस्थापन

९संस्थाको आम्दानी : (१) संस्थाले देहाय बमोजिमका क्षेत्रबाट आम्दानी प्राप्त गर्न सक्नेछः

(क) माहाकुलुङ गाउपालिकाबाट प्राप्त हुने अनुदान रकम ।

(ख) सरकारी तथा गैर सरकारी निकायहरु, सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता तथा अनुदानको रकम ।

(ग) टोल विकास संस्थाले आयमूलक कार्यहरु संचालन गरी प्राप्त हुने आम्दानी ।

(घ) माहाकुलुङ गाउपालिका, अन्य सरकारी निकाय तथा गैरसरकारी संघसंस्थासँग विकास निर्माण वा कार्यक्रम सञ्चालनको लागि सम्झौता बमोजिम प्राप्त रकम।

(ङ) संस्थाका सदस्यहरुबाट प्राप्त शुल्क तथा सहयोगको रकम।

(च) अन्य श्रोतबाट प्राप्त गरेको रकम ।

(२) संस्थाको नाममा प्राप्त हुने सबै रकम संस्थाको नाममा रहेको बैंक खातामा जम्मा गर्नु पर्नेछ।

१० संस्थाको खर्चः संस्थाको खर्च देहाय बमोजिम हुनेछः

(क) कुनै निकायबाट सम्झौता बमोजिम प्राप्त हुने रकम सम्झौतामा उल्लिखित शर्त बमोजिम तोकिएको कार्यमा खर्च गर्नु पर्नेछ।

(ख) संस्थाको नियमित सञ्चालन तथा कार्यालय व्यवस्थापन सम्बन्धी खर्च कार्यसमितिको निर्णय बमोजिम हुनेछ।

११ संस्थाको लेखा, प्रतिवेदन तथा अन्यः

(१) संस्थाको खाता वडा कार्यालयको सिफारिसमा माहाकुलुङ गाउपालिकाको कार्यालयले तोकेको बैंकमा सञ्चालन हुनेछ।

(२) उपदफा (१) बमोजिमको बैंक खाता कम्तीमा एक जना महिला हुने गरी संस्थाका अध्यक्ष, उपाध्यक्ष र सचिवमध्ये कुनै दुई जना र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(३) कोषाध्यक्षले संस्थाको सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण, संस्थाको संचालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको विवरण स्पष्ट रुपमा राखुपर्नेछ ।

(४) कोषाध्यक्षले आम्दानी खर्चको हिसाब किताव चौमासिक रुपमा कार्य समितिको बैठकमा पेश गर्नु पर्नेछ।

(५) कार्यसमितिले प्रत्येक आर्थिक वर्षमा गरेको काम र आर्थिक कारोबारको यथार्थ विवरण तयार गरी आर्थिक वर्ष समास भएको मितिले तीन महिना भित्र टोल भेलामा पेश गर्नु पर्नेछ।

(६) संस्थाले आफ्नो वार्षिक कारोबारको प्रतिवेदन साधारणसभा, सम्बन्धित वडा कार्यलय र गाउँ। नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(७) माहाकुलुङ गाउपालिका तथा वडा कार्यालयले आवश्यकता अनुसार संस्थाको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

१२ जिन्सी तथा वस्तुगत सहयोग लिन सक्नेः (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विपद् प्रभावित व्यक्तिको उद्दार, राहत तथा पुनर्स्थापना कार्यमा सहयोग गर्न कुनै सरकारी निकाय, गैर सरकारी संघसंस्था, निजी क्षेत्र तथा व्यक्ति विशेषबाट जिन्सी सामान तथा वस्तुगत सहयोग लिन सक्नेछ।

(२) संस्थाले उपदफा (१) बमोजिम प्रास सहयोग वडा समितिको समन्वयमा त्यस्तो विपदबाट प्रभावित व्यक्ति तथा परिवारलाई वितरण गर्न सक्नेछ।

(३) संस्थाले यस दफा बमोजिम प्रास सहयोगको विवरण वार्षिक प्रतिवेदनमा समेत समावेश गर्नु पर्नेछ।

## परिच्छेद –६

### विविध

१३ समन्वय समितिः (१) संस्थाको कामको अनुगमन तथा समीक्षा गरी पृष्ठपोषण प्रदान गर्न हरेक वडामा देहायबमोजिमको समन्वय समिति रहनेछ :-

(क) वडाध्यक्ष - संयोजक

(ख) वडा समितिका सदस्यहरु - सदस्य

(ग) टोलविकास संस्थाका अध्यक्षहरु मध्येबाट संयोजकले तोकेका ३ जना -सदस्य

(घ) वडा सचिव - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ । उक्त पदावधि समास भएपछि संयोजकले कार्यकाल नदोहोरिने गरी वडा भित्रका अन्य संस्थाका अध्यक्षहरु मध्येबाट तीन जना मनोनयन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक कम्तीमा चौमासिक रुपमा बस्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले वडा भित्रका सबै संस्थाको काम कारवाहीलाई प्रभावकारी बनाउन कार्य समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले संस्थाको काम कारवाहीको सम्बन्धमा वार्षिक प्रतिवेदन कार्यपालिकामा पेश गर्नु पर्नेछ।

१४ बाधा अडकाउ फुकाउन सक्नेः यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा माहाकुलुङ गाउपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

१५ कार्य समिति भङ्ग गर्न सक्नेः सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, प्रचलित कानून बिपरित कार्य गर्ने तथा भ्रष्टाचार वा आर्थिक हिनामिना गरेको पाइएमा त्यस्तो कार्यसमितिलाई सम्बन्धित वडा समितिको सिफारिसमा माहाकुलुङ गाउपालिकाले भङ्ग गर्न सक्नेछ । यसरी कार्यसमिति भङ्ग भएको अवस्थामा एक महिना भित्र यसै कार्यवविधि बमोजिम नयाँ कार्य समिति गठन गर्नु पर्नेछ।

१६कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेः (१) माहाकुलुङ गाउपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम यो कार्यविधि खारेज भएको अवस्थामा यस कार्यविधि बमोजिम स्थापना तथा सञ्चालन भएका संस्थाहरुको सम्पत्ति तथा दायित्व माहाकुलुङ गाउपालिकाको नाममा हुनेछ।

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत

महाकुलुङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

अनुसूची-१

## टोल विकास संस्थालाई माहाकुलुङ गाउपालिकामा सूचीकृत गर्ने निवेदन

मितिः ..................

श्री प्रमुख प्रशासकीय अधिकृत

माहाकुलुङ गाउपालिका ।

विषयः टोल विकास संस्था सूचीकृत गर्ने सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा यस गाउँपालिका को वडा नं ...... स्थित ................टोलमा गठन गरिएको ............................ टोल विकास संस्था ................................लाई सूचीकृत गरिदिनुहुन निम्नानुसारका विवरण सहित अनुरोध गर्दछु । यस ................................ टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किल्लाभित्र सीमित रहनेछ ।

<u>संलग्न:</u>

टोल भेलाको उपस्थिति र निर्णय।

कार्य समितिका सदस्यहरुको नाम थर।

पूर्व सिमानाः ..................................

पश्चिम सिमानाः ..............................

उत्तर सिमानाः ..............................

दक्षिण सिमानाः ..............................

हालका जम्मा घरधुरीः

निवेदक

समितिको तर्फबाट

अध्यक्षको नामः ................................

टोल विकास संस्थाको नामः ..............

ठेगानाः .........................

प्रमुख प्रशासकिय अधिकृत

अनुसूची-२

# माहाकुलुङ गाउपालिका

## टोल विकास संस्था सूचीकृत प्रमाण-पत्र

श्री अध्यक्षज्यू,

.......................टोल विकास संस्था

माहाकुलुङ गाउपालिकाको टोल विकास संस्था गठन, (परिचालन तथा सञ्चालन ) कार्यविधि, २०७८ को दफा ३ बमोजिमको प्रक्रिया पुरा भएकोले सोही कार्यविधिको दफा ५(क) बमोजिम माहाकुलुङ गाउकार्यपालिकाको मिति २०......./...../..... गतेको निर्णयानुसार टोल विकास संस्था दर्ता स्वीकृत गरिएको हुदा यो प्रमाण-पत्र प्रदान गरिएको छ।

तपाई र तपाईको नेतृत्वमा गठन भएको संस्थाले यो कार्यविधिको अधिनमा रहि टोल, टोलवासीको चौतर्फी विकासका लागि क्रियाशिल रहनेछ भन्ने विश्वास लिएको छु।

मितिः ......................

............................

प्रमुख प्रशासकीय अधिकृत

नोटः यो प्रमाण पत्र गाउपालिकामा लेखापरिक्षणसहित बार्षिक प्रतिवेदन बुझाएपछि स्वतः नविकरण हुनेछ। लगातार दुई बर्ष प्रतिवेदन नबुझाएमा प्रमाण पत्र स्वतः रद्द हुनेछ

प्रमुख प्रशासकिय अधिकृत

अनुसूची-३

................... टोल विकास संस्थाको विधान

प्रस्तावना:

स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गरी आफ्नो टोल समुदायको विकासका लागि सामुहिक प्रयत्न अघि बढाउन, जनसहभागिताका माध्यमबाट समतामुलक समावेशी र वातावरणमैत्री दिगो विकास हासील गर्न, सामुदायिक भावना विकास, पारस्पारिकता, सद्भाव विकास गर्दै वचत संकलन र परिचालनबाट स्वावलम्बन सृजना गर्दै माहाकुलुङ गाउ क्षेत्रकै गरीवी न्युनीकरणमा टेवा दिन र महाकुलुङ गाउपालिकाले अंगिकार गरेको स्वच्छ, सृजनशील, सम्बृद्ध औद्योगिक नगरको दूर दृष्टिका माध्यमबाट मानवियताको शहर निर्माण अभियानमा टोल समुदाय तहबाट योगदान गर्न तथा टोलका जनसमुदायहरुलाई संस्थागत रुपमा विकास गर्ने वातावरण सिर्जना गर्न गाउ पालिकाले संचालन गर्ने विकास निर्माण कार्यमा भाग लिन .................. टोल विकास संस्था स्थापना गरी संचालन गर्न वान्छनीय भएकोले यो विधान बनाइएको छ ।

परिच्छेद १

१. प्रारम्भिक: संक्षिप्त नाम र प्रारम्भ

क) यो विधान .................. टोल विकास संस्थाको विधान हुनेछ ।

ख) यो संस्थाको नाम .................. टोल विकास संस्था हुनेछ ।

ग) यो विधान .................. टोल विकास संस्थाको साधारण सभाबाट स्वीकृत भएको मिति १५ देखि लागु हुनेछ ।

घ) यस संस्थाको कार्यालय ............................ मा रहनेछ ।

ङ) यस संस्थाको सिमाना: पूर्व...............पश्चिम: ........................

उत्तर: ..................... दक्षिण: .............................

२. परिभाषा: विषय वा प्रसंले अर्को अर्थ नलागेमा यस विधानमा:

क) "संस्था" भन्नाले .................. टोल विकास संस्थालाई सम्झनुपर्छ ।

ख) "विधान" भन्नाले टोल विकास संस्थाको विधानलाई सम्झनुपर्छ ।

ग) "साधारणसभा" भन्नाले संस्थाको साधारण सदस्यहरुको भेला सम्झनुपर्छ

प्रमुख प्रशासकिय अधिकृत

घ) "समिति" भन्नाले टोल विकास संस्थाको कार्यसमिति सम्भनुपर्छ ।

च) कार्यमुलक उपभोक्ता समुह भन्नाले साधारणसभाले विशेष जिम्मेवारी दिई गठन भएका समूह वा संस्थाभित्र विभिन्न कार्य गर्नका निमित्त गठित समूहहरुलाई सम्भनुपर्छ ।

छ) पदाधिकारी भन्नाले संस्था वा कार्यमुलक/उपभोक्ता समुहका अध्यक्ष, कोषाध्यक्ष सचिव र सदस्यहरुलाई जनाउंछ ।

ज) उपसमिति भन्नाले कुनै निश्चित कार्य तथा अवधि तोकी गठन गरिएको उपसमितिलाई सम्भनु पर्छ ।

झ) "बचत" भन्नाले साधारण सदस्यहरुबाट निश्चित अबधिमा संचय गरेको रकमलाई सम्भनुपर्छ ।

ञ) "बचतकर्ता" भन्नाले संस्थाका बचत गर्ने सदस्यहरुलाई जनाउंछ ।

ट) "ऋण" भन्नाले एकमुष्ट वा किस्तावन्धीका रुपमा फिर्ता बुझाउने गरी निश्चित अवधि, व्याजदर र उद्देश्यका साथ प्रदान गरेका रकमलाई जनाउदछ ।

ठ) "तोकिए" वा "तोकिएबमोजिम" भन्नाले संस्थाले समयसमयमा गरे निर्णयबमोजिम निर्धारित कार्यविधि वा यस विधानअन्तर्गत बनाइएका नियमावली वा विनियममा उल्लेखित कुराहरुलाई जनाउदछ ।

३. <u>संगठित संस्था हूने:</u>

क) संस्थाको आफ्नो छुट्टै छाप हूनेछ । सो छाप कार्यमुलक/उपभोक्ता समुहहरुले आपनो आफ्नो नाम राखी प्रयोग गर्न पाउनेछन् ।

ख) संस्था तथा कार्यमुलक/उपभोक्ता समुहले व्यक्तिसरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न वा कुनै प्रकारको बन्दोबस्त गर्न सक्नेछ ।

ग) संस्था वा कार्यमुलक/उपभोक्ता समुहले व्यक्तिसरह आफ्नो नामवाट नालिस उजूर गर्न र सोउपर नालिस उजूर लाग्न सक्नेछ ।

परिच्छेद-२

४. संस्थाका उद्देश्यहरु:

संस्थामा आवद्ध सबै खाले सदस्यहरुको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहायबमोजिमको उद्देश्य हुनेछ ।

क) टोल स्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने ।

ख) टोलका व्यक्तिहरुको आयमा बृद्धि गर्ने कार्यक्रमको संचालन गरी गरिबी न्यूनीकरणमा मदत पु/याउने ।

ग) स्थानिय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरको समूदायका व्यक्तिहरुको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पू/याउने ।

घ) संस्थालाई नगरपालिकाको सहयोगी संस्थाकोरुपमा स्थापित गराई सहभागितात्मक महाकुलुङ गाउपालिकाले योजना तर्जुमा, अनुगमन तथा मुल्यांङ्कन प्रक्रियामा सक्रिय सहभागी बनाउने ।

ङ) स्वशासित संस्थालाई प्रभावकारी बनाउने ।

च ) गाउपालिकाको विकास निर्माण कार्यमा सहभागि हुने ।

५. **टोल विकास कार्य समितिको गठन** : टोल विकास कार्यसमितिको गठन देहाय बमोजिम हुनेछ :

क) यस महाकुलुङ गाउपालिकाका क्षेत्रका वस्तीहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

ख) पहिलोपटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट टोल विकास समितिको कामलाई व्यवस्थित गर्न अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र आवश्कयता अनुसारका सदस्यहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ । तर दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पुनर्गठन हुनेछ । टोल विकास कार्य समितिको अवधि ३ वर्षको हुनेछ । एकपटक अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष भएको व्यक्ति पुनः सोही पदमा लगत्तै दुई वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन । एक व्यक्ति एकै पदमा दुई कार्यकाल भन्दा बढी अवधि रहन पाउने छैन । कार्य समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै एकजना अनिवार्य रुपमा महिला हुनु पर्नेछ ।

ग) टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेट्नु पर्दछ । सो सम्भव नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गर्न सकिनेछ । टोल विकास संस्थामा सहभागी भएका सदस्यहरुमध्ये कम्तिमा ५० प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ ।

६. **संस्थाका कार्यहरु:** क) प्रत्येक टोल स्तरमा शतप्रतिशत घरपरिवार सहभागी भएका महिला वा पूरुष वा दूवैथरी समावेश भएको टोल विकास संस्था गठन गर्ने ।

ख) सदस्यहरुवाट नियमित रुपमा बचत संकलन तथा परिचालन गर्ने ।

ग) संस्थाका सदस्यहरुलाई उद्यमशीलतातर्फ अग्रसर गराउन आफ्नो स्वलगानी तथा संघसंस्थाबाट ऋण लिई उद्यम संचालन गर्न पहल गराउने ।

घ) तालिम तथा प्रविधिमा विशेष चाख राखी टोलवासीहरुको ज्ञान र सीप वृद्धि गराउने कार्यमा सहयोग गर्ने ।

ङ) टोलमा आईपरेका समस्याहरु समाधान गर्न एकअर्कामा भाईचारा कायम गरी सभ्य समाजको अवधारणा कायम गर्ने

च) पिछडिएका वर्ग तथा जनजातिहरुको विकासका लागि सम्वन्धित क्षेत्र तथा निकायवाट सहयोगका लागि सम्वन्ध विस्तार तथा समन्वय कायम गर्ने ।

छ) बाल सहभागिता अभिबृद्धि, सामाजिकीकरण एव बाल विकासका लागि टोल क्षेत्रमा बाल क्लव गठन, परिचालन र बाल बचत कार्यक्रम सञ्चालन गर्ने ।

ज) आफ्नो समस्यालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न तथा स्रोतको समूचित परिचालनका लागि आफ्ना सामाजिक तथा आर्थिक पुर्वाधार विकाससम्वन्धी टोल विकास योजना र उद्यम विकास योजना बनाउने ।

झ) महाकुलुङ गाउपालिकाले अघि बढाउने सामाजिक एवं आर्थिक विकास र सामाजिक परिवर्तनका अभियानमा ऐक्यबद्धता एवं प्रतिबद्धता जनाउँदै सिंगो नगरको विकासमा आफ्नो क्षेत्रबाट योगदान गर्ने ।

ञ) महिनामा एक दिन आफ्नो टोल समुदायमा सरसफाइ अभियान सञ्चालन गरेर टोलको स्वच्छता अभिबृद्धि गर्ने ।

ट ) महाकुलुङ गाउपालिकाले अघि बढाएका विकास निर्माण कार्यमा लाभग्राहीको रुपमा सहभागि भई कार्य गर्ने

## परिच्छेद–३

७. सदस्यता: क) यस विधानको उद्देश्य बमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी बिधानलाई स्वीकार गर्ने स्थानीय सबै बालिग व्यक्ति, टोलवासी यस संस्थाको सदस्य हूनेछ ।

ख) सदस्य बन्न इच्छूक नयां टोलवासीलाई संस्थाले तोकेबमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

महाकुलुङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल

८. सदस्यता नरहने:

क) सदस्यको मृत्यू भएमा ।

ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा । तर संस्थाको निर्णयउपर चित्त नबूझेमा साधारणसभामा पेश गर्ने र साधारणसभाको निर्णय अन्तिम हूनेछ ।

ग) सदस्यता शूल्क नतिरेको वा संस्थाको निर्णय पालन नगरेमा संस्थाले निर्णय गरी सम्पुर्ण सदस्यहरुलाई जानकारी गराएमा ।

घ) संस्थालाई हानि नोक्सानी हूने कूनै कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यताबाट हटाउने निर्णय गरेमा ।

तर सम्बन्धित सदस्यहरुलाई सफाइ दिने अवसरवाट वन्चित गरिनेछैन । यससम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारणसभा हूनेछ ।

ङ) नेपालको प्रचलित कानुनले निषेध गरेको कार्य गरेमा ।

## परिच्छेद-४

९. संस्था गठन एवं कार्य संचालन विधि:

क) निश्चित भौगोलिक क्षेत्रका व्यक्तिहरुको सर्वसम्मति निर्णयवाट टोलको क्षेत्र निक्यौंल गरेपछि त्यस टोलभित्र बसोबास गर्ने सम्पुर्ण बालिग व्यक्तिहरुको उपस्थितिमा संस्था गठन गरिनेछ । तर कार्य समिति गठन तथा अन्य प्रयोजनमा मतदान गर्नुपर्ने अवस्था हुंदा स्थायी बसोबास भएका प्रति परिवारबाट एक जनाले मात्र मतदान गर्न पाउनेछन् ।

ख) दफा ८ (क) बमोजिम टोल विकास संस्था गठन गर्न उपस्थित भएकाहरुले गरेको सर्वसम्मत वा बहुमतीय निर्णयको आधारमा एक एक जना अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव र अन्य सदस्य गरी बढीमा एघार सदस्यीय कार्य समिति गठन हुनेछ ।

ग) बचत कार्य सञ्चालन भएको टोल विकास संस्थाको हकमा कार्य समितिमा रहन अनिवार्य रुपमा बचतकर्ता व्यक्ति हुनुपर्दछ

घ) कार्य समिति गठन गर्दा टोल क्षेत्रका अठार वर्ष मुनिका एक बालक र एक बालिका लाई बाल प्रतिनिधिका रुपमा छनौट गर्नुपर्नेछ । अठार बर्ष उमेर पूरा गरेपछि निजको स्थानमा अर्को प्रतिनिधि कार्य समितिले तोक्नेछ ।

ङ) कार्य समितिको कार्यकाल तीन वर्षको हूनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

१०. संस्थाका पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार: संस्थाका पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार देहायबमोजिमका हूनेछन् ।

क) अध्यक्षको काम, कर्तब्य र अधिकार: टोल विकास संस्थालाई कसरी प्रभावकारी भन्ने सम्वन्धमा संस्थाका अध्यक्षको काम, कर्तब्य र अधिकार निम्न वमोजिम हूनेछ ।

१. टोल विकास संस्थाको नियमित बैठक बोलाउने/बैठकका लागि मिति, समय र स्थानको निर्णय गर्न संस्थाका सबै सदस्यको सहमति लिने ।

२. बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

३. बैठकमा अनूशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

४. छलफल हूंदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

५. बैठकमा आवश्यक प्रस्तावहरु पेश गर्न लगाउने ।

६. निर्णयहरु लागू गर्ने र गर्न लगाउने ।

७. सचिव र कोषाध्यक्षलाई आवश्यकता अनूसार सहयोग पूर्याउने ।

८. विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

९. संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सूरक्षाको प्रबन्ध मिलाउने ।

१०. आवश्यक कार्यमा संस्थाको प्रतिनिधित्व गर्ने वा गराउने ।

११. अन्य सहयोगी निकायहरुसंग समन्वय राख्ने, आवश्यक भएमा परिचालनको बन्दोबस्त गर्ने

१२. बिशेष बैठकको आवश्यकता परेमा सबै सदस्यहरुको सहमतिमा बैठक बोलाउने ।

१३. विविध प्रकारका समन्वय बैठकमा भाग लिने ।

ख) संस्थाको उपाध्यक्षको काम, कर्तब्य र अधिकार:

१. अध्यक्षको अनुपस्थितिमा अध्यक्षको रुपमा जिम्मेवारी लिने ।

२. अध्यक्षलाई आवश्यक सहयोग गर्ने ।

ग) संस्थाको सचिवको काम, कर्तब्य र अधिकार:

१. अध्यक्षको आदेशानूसार बैठक बोलाउने ।

२. अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

३. एकतिहाइ सदस्यहरुले विशेष बैठकका लागि लिखित माग गरेमा विशेष बैठक बोलाउने

४. बैठक पुस्तिकामा उपस्थिति गराउने ।

५. छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय पढेर सूनाउने पून:प्रत्येक सदस्यहरुलाई हस्ताक्षर गर्न लगाउने ।

६. बचत तथा ऋण लगानीको व्यवस्थापन गर्न सहयोग पूरयाउने ।

७. संस्थाको क्रियाकलापका बारेमा सदस्यलाई जानकारी गराउने

८. संस्था संचालनमा र अन्य सदस्यहरुलाई आवश्यक सहयोग गर्ने ।

घ) संस्थाका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार:

१. प्रत्येक बैठकमा सबै सदस्यहरुबाट बचत संकलन गरी बचतको विवरण पेश गर्नूपर्ने
२. प्रत्येक सदस्यको बचत रकम व्यक्तिगत बचत खातामा चढाउने ।

३. व्यक्तिगत बचत खाताअनूसारको रकम प्रत्येक सदस्यको पासबूकमा चढाई प्रमाणका लागि दस्तखत गर्ने ।

४. संकलित बचत रकम संस्थाको निर्णयअनूसार नजिकको बैंकको खातामा जम्मा गरी/गराई बैंकबाट प्राप्त भएको पासबूकमा उल्लेख गराउने ।

५. बैठकको निर्णयअनूसार बचतको परिचालन गरी रेकर्ड राख्ने

६. निर्णयअनूसार गर्नूपर्ने लगानी गरी असुलीसमेत गर्ने र लगानी र असुलीको रेकर्ड राख्ने

७. सम्पुर्ण सदस्यहरुको गत बैठकसम्मको बचत रकम, बैंकमा रहेको रकमसंग भिडाउने । जस्तै, कूल बचत रकम र बैंकमा रहेको रकम . लगानी/नगद मौज्दात

८. ऋण लगानीपश्चात्प्राप्त व्याज आम्दानी वा अन्य कार्य गर्दा प्राप्त हूने आम्दानीको वितरण गरी सबै सदस्यहरुको व्यक्तिगत खाता, पासबूक एवं बचतखातामा चढाउनूपर्ने ।

९. संस्थाले गरेको काम/कारोबारको लेखापरीक्षण गराउने ।

१०. बैंकमा खाता संचालन गर्दा संयूक्त रुपमा खाता संचालन गर्ने ।

११. अन्य सदस्यहरुसंग समन्वय राखी सहयोग लिने दिने ।

१२. संस्थाका नगद र जिन्सी सामानको जिम्मा लिई सूरक्षा गर्ने

ङ) संस्थाका सदस्यहरुको काम, कर्तव्य र अधिकार:

१. आवश्यकताअनूसार अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्षहरुलाई सघाउने ।

२. बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।

३. नियमित बचत बूझाउने र अरुलाई पनि बुझाउन प्रोत्साहित गर्ने ।

४. आफूले लिएको ऋण समयमा तिर्ने साथै ऋण असुली गर्न सहयोग गर्ने ।

**११. साधारण सभाको गठन र कार्य प्रणाली:** साधारण सभाको गठन र कार्यप्रणाली देहाय बमोजिम हुनेछ :

१. संस्थाको सम्पुर्ण सदस्यहरु र सल्लाहकारसमेत रहेको एक साधारणसभा हुनेछ ।

२. साधारण सभा बर्षमा एक पटक बस्नेछ र आवश्यकता अनुसार विशेष साधारण सभा बस्न सक्नेछ । साधारण सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा क्रमश: संस्थाको उपाध्यक्ष, सचिव र निजको पनि अनुपस्थितिमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ ।

३. साधारणसभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।

**१२. साधारणसभाको काम, कर्तब्य र अधिकार:** साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) संस्थाको साधारणसभाको सल्लाह प्राप्त गर्न उचित देखी पेश गरेको जुनसुकै विषयमा यथोचित् सल्लाह दिने ।

ख) लेखापरीक्षक नियुक्ति गर्ने तथा यसको पारिश्रमिक तोक्ने ।

ग) संस्थाको गत सालको हिसाव विवरण र त्यस सम्वन्धमा लेखापरिक्षकको प्रतिवेदन पारित गर्ने ।

घ) कार्यसमितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

ङ) उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने ।

च) संस्थाको बिधान संशोधन गर्ने ।

छ) आवश्यकताअनुसार सल्लाहकारको मनोनयन गर्ने ।

ज) संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

झ) कार्य समितिको गठन गर्ने ।

१३. आर्थिक व्यवस्था:

क) संस्थाको देहायबमोजिम आर्थिक स्रोत हुनेछ:

- सदस्यताबाट प्राप्त शुल्क ।
- सरकारी तथा गैरसरकारी संस्थावाट सहायता/अनुदान ।
- दाताहरुबाट प्राप्त नि:शर्त सहयोग ।
- संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त वा सेवा प्रदान गरेर आर्जित आय वा पुरस्कार ।
- टोल विकास संस्थाले विभिन्न संघसंस्थासंग ऋण लिई आफ्ना सदस्यहरुलाई ऋण लगानी गरी कमाएको ब्याज, सेवा शुल्क र हर्जानाबापतको रकम ।
- अन्य आम्दानी ।
- महाकुलुङ गाउपालिका संग विकास निर्माण कार्य वापत संझौता वमोजिम गाउपालिकावाट प्राप्त रकम

ख) प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षणपश्चात् विवरण साधारणसभामा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको हुनेछ ।

ग) संस्थाको नाममा प्राप्त वा खरिद चलअचल सम्पत्तिको परिचालन र प्रयोग तोकिएबमोजिम हुनेछ ।

१४. बचत:

क) टोल विकास संस्थाका सदस्यहरुले सम्पूर्ण सदस्यहरुवाट नियमित रुपमा बचत संकलन गरी एक टोल विकास संस्थाको बचत खडा गर्नेछ ।

ख) उक्त संस्थाको बचतको प्रयोगका लागि बैठकको सर्वसम्मत निर्णय आवश्यक पर्नेछ ।

ग) संस्थाको बचत सामान्यतया सदस्यहरुको आर्थिक विकासमा खर्च गर्नुपर्नेछ ।

घ) यो बचत रकम संस्थाको कार्यक्षेत्रभित्र संस्थाका सदस्यहरुबीच तोकिएको सर्त र व्यवस्था अनुरुप लगानी र असुली हुनेछ ।

ङ) यो बचत रकम निरन्तर चल्ने र वृद्धि हुदै जानेछ ।

कठाकुटुङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय थुङ. सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

च) यो बचत रकम संलग्न सदस्यहरुको दाबी रहनेछ ।

छ) संस्थाको नयां सदस्य बनी संस्थामा प्रवेश हुन चाहने संस्थाको निर्णयबमोजिम हुनेछ ।

ज) यो बचत रकम संचालन कार्यविधि तोकिएबमोजिम हुनेछ ।

झ) संस्था दर्ता खारेजी वा विघटन भएमा संस्थाको सामूहिक सम्पत्ति नेपाल सरकारको हुनेछ । तर व्यक्तिगत बचत रकम तथा यसको आयहरु सदस्यहरुको हिसाब बमोजिम फिर्ता पाउनेछन् ।

१५. कार्यसमिति तथा पदाधिकारीको राजीनामा:

क) समितिका सदस्यहरुले आफ्नो पदवाट राजीनामा दिन चाहने अध्यक्षसमक्ष दिन सक्नेछन्
ख) अध्यक्षले आफ्नो राजीनामा उपाध्यक्ष मार्फत समितिको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर समितिले निर्णय गरेबमोजिम हुनेछ ।

१६. अविश्वासको प्रस्ताव: संस्थाको अध्यक्ष एवं पदाधिकारीहरुउपर अविश्वास लागे यथोचित् कारण देखाई संस्थाका दुई तिहाई सदस्यहरुले विशेष साधारणसभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ । अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्वसम्मतलाई बढी जोड दिइनेछ ।

१७. विधानको संशोधन: यस टोल विकास संस्थाको विधान संशोधन गर्नुपर्ने भएमा कार्यगत समितिले स्वीकृत गरेपछि साधारणसभामा पेश गरी सो सभामा उपस्थित सदस्यहरुको दुईतिहाइ बहुमतले पारित गर्नुपर्नेछ ।

१८. विविध:

क) यस विधानबमोजिम टोल विकास संस्थाले आफ्ना सदस्यहरुमध्येवाट आर्थिक विकासका लागि उद्यमी समूह र उद्यम तथा आवश्यक परेका बखत खास कार्यका लागि कार्यमूलक र उपभोक्ता समूह गठन गर्न सक्नेछ । उक्त उद्यम /उद्यमी समूहको काम, कर्तब्य तथा अधिकार तोकिएबमोजिम हुनेछ ।

ख) यो विधानको व्याख्या गर्ने अधिकार संस्थाको साधारणसभामा निहित रहनेछ ।

ग) संस्थाले संस्थाको उद्देश्य पुर्तिका लागि विधानको अधीनमा रही नियमावली बनाउन र उपसमिति गठन गर्नूपर्नेमा सोसमेत गर्न सक्नेछ ।

घ) प्रचलित नेपालको ऐन नियमहरुसंग बाझिएको हदसम्म स्वत: खारेज हूनेछ ।

प्रमुख प्रशासकीय अधिकृत